स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नयाँ वर्ष २०८२ को छेको पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'कमा'को टिजर सार्वजनिक गरिएको छ। काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक २ मिनेट लम्बाईको टिजरमा अभिनेता विपिन कार्की बढी हावी छन्। उनी एक्सन अवतारमा देखिएका छन्। उनको पात्रमा बदलाको भाव देखिन्छ। उनले काम गरेको यो पहिलो एक्सन फिल्म हो।

**आजको विचार...**



शिक्षामा...
(दुई पेजमा)

डा. आमोद खतिवडा



गायक तथा अभिनेता प्रकाश सपुतको फिल्म 'वसन्त'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ। सपुतसहित शीर्ष कलाकार स्वस्तिमा खड्का पोस्टरमा फिचर्ड छन्। प्रेमिल भावको पोस्टरमा यी दुई पात्र स्कुलतिर गैरहेको देखिन्छ। पृष्ठभूमिमा फुलेको लालीगुराँस र पहाडी भूगोलले फिल्मको सेटिङ र परिवेशलाई दर्शाउँछ। पोस्टर सार्वजनिक गर्दै सपुतले लेखेका छन्, 'जसरी प्रकृतिका विभिन्न रङहरु समेटेर वसन्त ऋतु आएको छ। त्यसरी नै समाजका विभिन्न रङ समेटेर सिनेमा 'वसन्त'तयार भएको छ।

❐ वर्ष ३० ❐ अंक २३० ❐ २०८१ चैत ३ गते आइतबार 16 March 2025, sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### दुर्घटनामा एकको मृत्यु



**काठमाडौँ,** चैत २/काठमाडौँ महानगरपालिका-३२ तिनकुने गैरीगाउँ पेट्रोलपम्प अगाडि शनिबार बिहान भएको मोटरसाइकल दुर्घनामा एक जनाको मृत्यु भएको छ । बिहाना ४:३० बजे प्र ३-०२-००३ प ६२४५ नम्बरको मोटरसाइकललाई ट्रिपरले ठक्कर दिँदा मोटरसाइकलमा सवार काभ्रे पनौती नगरपालिका ११ घर भई ललितपुर धापाखेल बस्ने वर्ष २६ का सुकराम तामाङको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिए । उपचारका क्रममा बिहान ५:३० बजे ट्रमा सेन्टरमा उनको मृत्यु भएको हो । उपरीक्षक बोहराका अनुसार ट्रिपर गौशालातर्फ फरार भएकोमा खोजतलासका क्रममा रा १ ख २६२२ नम्बरको ट्रिपर विमानस्थलको कार्गोभित्र फेला पारी नियन्त्रणमा लिएको तर चालक फरार रहेका छन् । सो दुर्घटनामा मोटरसाइकलमै सवार काभ्रे बेथानचोकका रमेश तामाङ घाइते भएको र उनको ट्रमा सेन्टरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । *-रासस*

# गणतन्त्रवादीका लागि राजतन्त्रको कुरा गर्नुको कुनै औचित्य छैन : उपप्रधानमन्त्री सिंह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत २/उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले गणतन्त्रवादीका लागि राजतन्त्रको बारेमा कुरा गर्नुको कुनै औचित्य नरहेको बताएका छन् । नेपाल पत्रकार महासै पाल्पा शाखाले शनिबार तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उपप्रधानमन्त्री सिंहले गणतान्त्रिक व्यवस्थामा राजतन्त्र ब्यूँताउने कुरा गर्नुको कुनै औचित्य नभएको बताएका हुन् ।

पत्रकारहरुले किन पछिल्लो समय राजावादीहरुका गतिविधि बढ्दै गएका छन् भन्ने प्रश्नमा उनले राजावादीहरुको गतिविधि बढेपनि अहिले राजतन्त्रको बारेमा कुरा गर्नुको कुनै अर्थ नरहने उल्लेख गरे । संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको संघर्षबाट आएकाले राजा ल्याउने कुरा गणतन्त्रवादीका लागि स्वीकार्य नहुने उपप्रधानमन्त्री सिंहले जिकिर गरे । 'हामी स्वतन्त्रता र गणतन्त्रका लागि लडेका हौं, गणतन्त्रको परिधिभित्र रहेर काम गरिरहँदा राजतन्त्रको कुरा आउँदैमा




हामीलाई केही फरक पर्दैन' उनले भने । उपप्रधानमन्त्री सिंहले केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा भ्रमपूर्ण समाचार सम्प्रेषण भइरहेको बताउँदै त्यसले जनतामा निरासा पैदा गरेको उल्लेख गरे । अहिले निरासा हुनुपर्ने कुनै कारणा नरहेको बताउँदै वर्तमान सरकारबाट जनताको चाहना अनुसार काम भइरहेको सिंहले बताए । उनले शिक्षा, स्वास्थ्य, रोजगार र व्यावसायिक क्षेत्रको सुधारमा सरकार योजना बनाएर अघि बढिरहेको उल्लेख गरे । स्वदेशमा सीप विकास, रोजगारीका अवसर सिर्जना गर्दै युवालाई स्वदेशमा बस्ने वातावरण बनाउने पक्षमा काम भइरहेको भन्दै अब देश बनेन् भनेर चिन्तित हुनुपर्ने अवस्था नभएको पनि उपप्रधानमन्त्री सिंहले बताए । उनले सिंहले पूर्वविशिष्टलाई सुविधा थप्ने सरकारको कुनै तयारी नभएको पनि उल्लेख गरे । उनले भने यसअधिका सरकारले अगाडि बढाएको पूर्वविशिष्टको सुविधाको विषय सर्वोच्च अदालत पुगेपछि कानून बनाएर व्यवस्थित गर्ने गरी निर्देशनात्मक आदेश जारी भएको हो, कानुन बनाएर मात्र लागु गर्नु है भन्ने आदेश सर्वोच्चबाट आएको थियो, कानुन बनाउनको लागि सैद्धान्तिक छलफल गर्न गृहमन्त्रालयबाट ल्याइएको प्रस्ताव थियो । तर त्यो काम अहिले अगाडि बढेको छैन ।' देशको संकट समाधानका लागि नेपाली काँग्रेस-नेकपा (एमाले) गठबन्धन सरकार निर्माण भएको पनि उनले बताए । गठबन्धनको सरकार परिस्थितिको उपज भएको उनको भनाई छ । देशमा जब राष्ट्रिय सङ्कट पर्छ तब काँग्रेसले नेतृत्व लिएको उल्लेख गर्दै यसपटक देशको सङ्कट समाधान गर्न एमालेसँग गठबन्धन गर्नुपरेको नेता सिंहले उल्लेख गरे । सिंहले अब बोल्नेभन्दा पनि उपलब्धि देखाउनुपर्ने बेला आएको पनि बताए । उनले जनताले बोलीभन्दा पनि परिणामको अपेक्षा गरिरहेकाले सोहीअनुसार सबै अगाडि बढ्नुपर्नेमा जोड दिए । उपप्रधानमन्त्री सिंहले वर्तमान सरकार आएपछि कुनै पनि काण्ड तथा नराम्रो काम सुन्न नपरेको समेत बताए । उनले भने' विगतको सरकार बनेपछि विभिन्न काण्ड सुनिने गरेकोमा अहिलेको सरकारले कुनै त्यस्तो नराम्रो काम गरेको भन्ने सुनिएको छैन् ।' नेपाली काँग्रेस गुल्मीको क्षेत्रिय सम्मेलनलाई सम्बोधन गर्न उहाँ गुल्मी जाने क्रममा पाल्पा आएका हुन् । पत्रकार महासंघका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेनाको अध्यक्षता, सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।**

-सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
-डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,
त्यसैले डढेलोबाट जोगिन:
-वन क्षेत्रमा आगो नबालौं,
-सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं, चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## तानसेनमा वडास्तरीय रनिङ शिल्ड ब्याडमिन्टन प्रतियोगिता

**पाल्पा,** चैत २/ जिल्लाको तानसेन नगरपालिका-२ अमर नारायण फूलबारीमा वडास्तरीय रनिङ शिल्ड ब्याडमिन्टन प्रतियोगिता भएको छ । नारायण युवा क्लवको आयोजना, वडा कार्यालयको सहयोग, जिल्ला व्याडमिन्टन संघ पाल्पाको समन्वय र अमर नारायण फूलबारी कर्भड हल व्यवस्थापन समितिको व्यवस्थापनमा प्रतियोगिता भएको हो ।

प्रतियोगिताको शनिबार एक औपचारिक कार्यक्रमकाबिच शुभारम्भ गरिएको छ । आइतबारसम्म चल्ने प्रतियोगिताको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, वडा अध्यक्ष महेश्वर श्रेष्ठ, नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत पिताम्वर पाण्डे र क्लवका अध्यक्ष प्रबिनराज शाक्यले संयुक्त रुपमा ब्याडमिन्टन खेलेर शुभारम्भ गरेका हुन् । प्रतियोगिताको शुभारम्भ गर्दै नगर प्रमुख श्रेष्ठले क्लवले



सञ्चालन गर्दै आएका हरेक गतिविधिहरु रचनात्मक र प्रशंसनिय रहेको बताए । उनले खेल क्षेत्रको विकासका लागि नगर सरकारले विशेष प्राथमिकतामा राखेर काम गर्दै आएको र त्यसमा क्लवले सक्रियता देखाएकोमा खुसी व्यक्त गरे । नगर प्रमुख श्रेष्ठले विगतमा खेल क्षेत्रका लागि नगर सरकारबाट अत्यन्त न्युन बजेट विनियोजन हुँदै आएकोमा चालु आर्थिक वर्षमा भने ३० लाख छुट्याएको बताए । सेलाउँदै गएको तानसेनको खेल क्षेत्रको गतिविधिलाई आफुहरु निर्वाचित भएर आइसकेपछि चलायमान बनाइएको उनले दावी गरे ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सत्ता होइन, व्यवस्था बलियो बनाऊ

सत्तामा पुग्ने जो कोही दलहरुको एउटै उद्देश्य रहन्छ सत्ता कसरी टिकाउने । पटक-पटक बनेका सरकारहरुले यस्तै अभ्यास गर्दै आए । अहिले पनि देशका दुई ठूला राजनीतिक दलहरु मिलेर बनेको गठबन्धन सरकार पनि सत्ता जोगाउन मै व्यस्त छ । उनीहरु सत्ता जोगाउने खेलमा लागि रहेका बेला राजावादी तत्वहरु भने व्यवस्था नै कमजोर बनाउने रणनीतिमा लागेको पाइन्छ । अहिले मुलुकले अभ्यास गरिरहेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली हो । यो राजनीतिक प्रणालीभित्र रहेर मुलुकको राजनीति चलिरहेको छ । तर राजनीतिक प्रणालीको हिसाबले इतिहास भइसकेका पूर्वराजा ज्ञानेन्द्र शाहले बेलाबखत दिने अभिव्यक्तिले भने मुलुकको राजनीति तरंगित भइरहेको छ । पूर्वराजाको अभिव्यक्तिमाथि टीकाटिप्पणी र क्रिया-प्रतिक्रिया व्यक्त भइरहेका छन् । यसले व्यवस्थालाई नै धरापमा पार्ने सम्भावना बढेर गएको छ । पूर्वराजाको अभिव्यक्ति आउनु र यसमाथि टीकाटिप्पणी गर्नुलाई राजनीतिक हिसाबले स्वाभाविक भने पनि यो अवस्था सिर्जना हुनुले व्यवस्थाका पक्षधरहरुको कमजोर मानसिकता झल्काउँछ ।

आज दलीय व्यवस्थाका कारण जसलाई जे मन लाग्यो त्यो बेपरवाह भन्न पाइरहेको अवस्था छ । हिजो पूर्वराजा ज्ञानेन्द्रले दलमाथि प्रतिबन्ध लगाउँदै शासन चलाउने क्रममा देखाएको व्यवहार आज पनि आम नेपाली जनताले नदेखेको वा नभोगेको होइन, तर पनि अहिले राजसंस्थाको पक्षमा जनता खुल्दै जानुले अहिलेको व्यवस्था कमजोर भएको त होइन ? भन्ने प्रश्न जन्मेको छ । जे भए पनि संसदीय व्यवस्थाको विकल्प राजसंस्था हुन सक्दैन । त्यसैले अहिलेको यो व्यवस्थालाई चलाउनेहरुमा देखिएको बेथिति र विसंगतिलाई कसरी हटाउन सकिन्छ भन्नेतर्फ लाग्नु उचित हुन्छ । अहिले आम सर्वसाधारण निराश छन् । मुलुकमा भविष्य नदेखेर दिनहुँ हजारौं मानिस युरोप, अमेरिकादेखि खाडी मुलुकमा अध्ययन र काम गर्न गइरहेका छन् । नीतिगत भ्रष्टाचारले राज्यका संयन्त्रहरु जर्जर बनेका छन् । राज्य संयन्त्र बिचौलियाको चंगुलमा रहेको छ । अहिलेको स्थिति देखा पर्नु पूर्वराजाकै कारणले नभई दलहरुले राम्ररी राज्य सञ्चालन गर्न नसकेको परिणतिबाट जन्मिएको हो । तसर्थ सत्ता जोगाउने भन्दा पनि जनतामा आशा जगाई वर्तमान व्यवस्थालाई बलियो बनाउने दिशामा सरकार र राजनीतिक दलहरु लाग्न जरुरी छ ।

## Opinion @ Social Network

शत्रु नै किन नहोस् 'रोग' र 'भोक' ले कहिल्यै मर्न नपरोस् ।

*(मनोन सारुको फेसबुक स्टाटस https://www.facebook.com/Manoj.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षामा एआईको प्रभाव



डा. आमोद खतिवडा

*विश्वविद्यालयमा हुने सहकार्य, सामूहिकता, सञ्चार कौशल र समस्या समाधान गर्ने क्षमता विकास अनलाइन कक्षा वा एआई मोडलहरूले उपलब्ध गराउन सक्दैनन् । साथै, लामो समय निरन्तर अनलाइन कक्षा लिनु विद्यार्थीका लागि थकाइलाग्दो हुन सक्छ। स्क्रिनमार्फत मात्र सिकाइ गर्नु चुनौतीपूर्ण पनि हुन सक्छ । विद्यार्थीहरूलाई प्रत्यक्ष अियान्तर्क्र, शिक्षकको प्रत्यक्ष सहयोग र समूहमा सिक्ने वातावरण आवश्यक पर्छ । अनलाइन कक्षामा यस्तो वातावरण कमजोर हुन्छ । प्राध्यापकको मद्दतबाट विद्यार्थीले पाठ्यक्रममा भएको ज्ञान प्राप्त गर्ने मात्र होइन, कक्षाकोठामा हुने प्रत्यक्ष अन्तर्क्रियाले विद्यार्थीको आत्मविश्वास बढाउँछ, तर्क गर्ने क्षमता विकसित गर्छ र व्यावहारिक जीवनका चुनौती सामना गर्न तयार बनाउँछ । विश्वविद्यालय नयाँ विचार सिर्जना गर्ने, अनुसन्धान गर्ने र जटिल समस्याको समाधान खोज्ने सामूहिक थलो हो । एलएलएम र अन्य एआई प्रणालीहरू शिक्षा आर्जन गर्न उपयोगी भए पनि विश्वविद्यालय सोझै विस्थापन गर्न सक्ने हुँदैनन् । परोक्ष रूपमा भने असर पार्न सक्छन्, विश्वविद्यालयको चुनौती बढाउन सक्छन् ।*

विगत सय वर्षको समयावधितिर फर्केर हेर्दा संसारमा भएका विकासहरू अपत्यारिला लाग्छन्। औद्योगिक क्रान्ति, भौतिक पूर्वाधार विकास, अन्तरिक्ष अन्वेषण, आणविक हतियार निर्माण तथा सूचना प्रविधि विकासले मानव इतिहासलाई अधिकतर उचाइमा पुऱ्याएको छ । विकासका अनेक युग पार गर्दै अहिले हामी डेटा विज्ञान र आर्टिफिसियल इन्टेलिजेन्स ( एआई) को युगमा प्रवेश गरेका छौं । विभिन्न क्षेत्रहरूको विकासले दशकौं समय लिएका भए पनि एआई विकासको गति अकल्पनीय ढंगले तीव्र छ । गुगलका वैज्ञानिकहरूले सन् २०१७ मा प्रकाशन गरेको ट्रान्सफर्मर आर्किटेक्चरको सोधपत्र एआई विकासको नयाँ सुरूआत मान्ने हो भने बितेको आठ वर्षमै एआईले ठूलो फड्को मारेको छ । अहिले आएका च्याट जिपिटी र मिस्ट्रल जस्ता एआई क्षेत्रको प्रतिनिधित्व गर्ने लार्ज ल्यांग्वेज मोडल (एलएलएम) हरू सोधिएका प्रश्नको उत्तर मानिसले झैं भन्न र लेख्न सक्षम देखिएका छन् । अझ डिपसिक र ओपन एआईले निर्माण गरेका नयाँ रिजनिङ मोडलहरू त मानिसले जस्तै सोच्न समेत सक्षम हुँदै अघि बढेका छन् । एलएलएम मोडलहरू योग (आरएजी) नामक नयाँ प्रविधि प्रयोगबाट आफ्नो ट्रेनिङ डेटाको आधारमा मात्र नभएर इन्टरनेटमार्फत ताजा डेटा खोजेर त्यसको आधारमा पनि उत्तर दिन सक्छन् ।

एआईको अर्को विशेष पाटो रोबोटिक्स हो, यसको प्रगतिसमेत लोभलाग्दो छ । रोबोटले लेखनमा अब्बल एलएलएमको सहयोगमा मानिसको निर्देशन बुझ्न र त्यही अनुसार भौतिक क्रियाकलापमा मद्दत गर्न सक्छ । उता डेटा सेन्टरमा भएका खर्बौंका नयाँ लगानी, माइक्रोसफ्टको मजोराना-१ चिप लगायत क्वान्टम कम्प्युटिङमा भएका ताजा आविष्कारहरूले अबको केही वर्षमा एआईको दायरा अझै फराकिलो बनाउँदै लैजाने देखिन्छ । एआई प्रविधिहरूले एकातिर मानवजीवन सरल बनाउदै लगेका छन् भने अर्कोतिर मानिसकै रोजगारीका अवसरहरू खुम्च्याउँदै लगेका छन् । विशेषतः सफ्टवेयर इन्जिनियरिङ, ग्राहकसेवा प्रतिनिधिजस्ता एकै प्रकारका काम दोहोरिने क्षेत्रमा एलएलएमको प्रयोगले रोजगारीमा गिरावट ल्याएको देखिन थालेको छ। शिक्षा क्षेत्रमा समेत एआईले विशेष प्रभाव पार्न थालेको छ ।

अचेल विश्वविद्यालयका विद्यार्थीहरूले गृहकार्य र प्रोजेक्टहरूमा एलएलएम प्रयोग गर्ने गरेका छन् । यसबाट प्राध्यापकहरूलाई विद्यार्थीको रचनात्मकताको मूल्यांकन गर्न कठिन हुँदै गएको छ । औपचारिक शिक्षा, अझ विशेष गरेर प्राविधिक शिक्षामा एआईको प्रयोग प्रभावकारी बनाउन विश्वविद्यालयहरूले सोच्ने बेला आएको छ । अर्कोतिर, एआई र अनलाइनमार्फत नै सस्तोमा पढ्न मिल्ने सुविधा बढ्दै जाँदा आगामी दिनमा विश्वविद्यालय नै किन जानु भन्ने बहस सुरू हुन सक्छ । केही महिनादेखि एआई एजेन्टको प्रयोग भइरहेको छ । यस्तो एजेन्टले दिइएको निर्देशन अनुसार सफ्टवेयर बनाइदिन्छ, अनलाइनमार्फत किनमेल गरिदिन्छ । विभिन्न वेबसाइटमा खोजेर सबैभन्दा न्यून मूल्यमा होटेल बुक गरिदिन्छ, हवाई टिकट काटिदिन्छ। आफूलाई चाहिएको विषयको शोधपत्र खोजिदिने काम पनि गर्न सक्छ । त्यस्ता एजेन्टहरूले निकट भविष्यमा प्राध्यापकहरूले जस्तै पढाउन पनि सक्लान् । यसै पनि प्राविधिक क्षेत्रमा रोजगारीका लागि आजकाल प्रमाणपत्रभन्दा सीपमा बढी महत्त्व दिने गरिएको छ । घरमै बसेर प्राविधिक ज्ञान हासिल गर्न सकिन्छ भने विश्वविद्यालय र प्राध्यापक किन अनिवार्य हुन्छ र ! कतिपय देशमा यस्तो कुरा पनि उठ्न थालेको छ । अब विश्वविद्यालयहरू प्रचलित प्रविधि अनुसार चल्न सकेनन् भने तिनको आवश्यकता घट्दै जान सक्छ । प्राविधिक हिसाबले विश्वविद्यालयको आवश्यकता घटे पनि, अनलाइन कक्षा र एआई मोडलहरू शिक्षकले झैं पढाउन सक्षम भए पनि विश्वविद्यालय हामीलाई आवश्यक हुनेछन् । विश्वविद्यालय शैक्षिक ज्ञान प्रवाह गर्ने ठाउँ मात्र होइन, सामाजिक जीवनको महत्त्वपूर्ण अवयव समेत हो । मानव सभ्यताको विकास एकल ढंगले भएको होइन, एकअर्कासँग मिलेर काम गर्दा, समूहमा बस्दा र सामूहिक भावनाले काम गर्दै जाँदा क्रमिक रूपले भएको हो। विश्वविद्यालयमा विद्यार्थीहरूले समान सोच भएका साथीहरू भेट्छन् । आपसमा सहकार्य गर्छन् । यस प्रक्रियाले थप विकासका लागि सञ्जाल निर्माण गर्न, नयाँ विचार आदानप्रदान गर्न र व्यावहारिक जीवनमा आवश्यक सीप सिक्न मद्दत पुऱ्याउँछ । विश्वविद्यालयमा हुने सहकार्य, सामूहिकता, सञ्चार कौशल र समस्या समाधान गर्ने क्षमता विकास अनलाइन कक्षा वा एआई मोडलहरूले उपलब्ध गराउन सक्दैनन् । साथै, लामो समय निरन्तर अनलाइन कक्षा लिनु विद्यार्थीका लागि थकाइलाग्दो हुन सक्छ। स्क्रिनमार्फत मात्र सिकाइ गर्नु चुनौतीपूर्ण पनि हुन सक्छ । विद्यार्थीहरूलाई प्रत्यक्ष अियान्तर्क्र, शिक्षकको प्रत्यक्ष सहयोग र समूहमा सिक्ने वातावरण आवश्यक पर्छ । अनलाइन कक्षामा यस्तो वातावरण कमजोर हुन्छ । प्राध्यापकको मद्दतबाट विद्यार्थीले पाठ्यक्रममा भएको ज्ञान प्राप्त गर्ने मात्र होइन, कक्षाकोठामा हुने प्रत्यक्ष अन्तर्क्रियाले विद्यार्थीको आत्मविश्वास बढाउँछ, तर्क गर्ने क्षमता विकसित गर्छ र व्यावहारिक जीवनका चुनौती सामना गर्न तयार बनाउँछ । विश्वविद्यालय नयाँ विचार सिर्जना गर्ने, अनुसन्धान गर्ने र जटिल समस्याको समाधान खोज्ने सामूहिक थलो हो । एलएलएम र अन्य एआई प्रणालीहरू शिक्षा आर्जन गर्न उपयोगी भए पनि विश्वविद्यालय सोझै विस्थापन गर्न सक्ने हुँदैनन् । परोक्ष रूपमा भने असर पार्न सक्छन्, विश्वविद्यालयको चुनौती बढाउन सक्छन् । रोजगारीमा सीप महत्त्वपूर्ण त हुन्छ नै, यससँगै असल आचरण, मेहनत गर्ने बानी, समयसीमाभित्रै काम सक्ने क्षमताजस्तो गुण पनि आवश्यक पर्छ । यस्तो गुण औपचारिक शिक्षाले मात्र ठिक ढंगले विकास गराउन सक्छ । विश्वविद्यालयको आवश्यकता कायम राख्न समयसापेक्ष रूपमा परिमार्जन र विकास हुन आवश्यक पर्छ। अबको समयमा विद्यार्थीलाई के सिकाउनेह उनीहरूको ज्ञान, अवधारणा र सिप परीक्षण कसरी गर्ने भन्ने बारेमा हाम्रा विश्वविद्यालयहरू स्पष्ट हुन जरुरी छ । यस अनुसार कदम चाल्न पनि उत्तिकै जरूरी छ । मानिसका लागि एआई मित्रवत प्रविधि हो । यसले मानिसको पूर्ण स्थान लिने छैन । आफ्नो कामको महत्त्व बढाउन र रोजगारीका लागि आफूलाई अझ योग्य बनाउन एआईको उपयोग सिक्नु सबैका लागि अत्यावश्यक भएको छ । हाम्रा विश्वविद्यालय र शिक्षकहरू एआईको समयसापेक्ष उपयोग गरेर शिक्षण प्रक्रिया अझ सहज र प्रभावकारी बनाउन सक्छन् । यसतर्फ बेलैमा ध्यान दिन अत्यावश्यक भएको छ । होइन भने विश्वविद्यालय र शिक्षकको महत्त्वमाथिको प्रश्न बलियो हुँदै जानेछ । *-सेतोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा प्रतिस्पर्धीहरू हार खानेछन्।खानपिनको ध्यान राख्नुहोस्। | **तुला** : ऊर्जावान रहनुहुनेछ। धार्मिक मठ मन्दिरमा यात्राका योग छन्। |
| **वृष** : नयाँ कार्य तर्फ अग्रसर भइनेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। | **वृश्चिक**: योगदानको प्रतिफल मिल्नेछ। मनका कौतुहलबाट छुटकारा मिल्नेछ। |
| **मिथुन** : प्रतिष्ठित कार्य सम्पादन गर्न सकिनेछ।श्रमको उचित मूल्यांकन नमिल्ला। | **धनु** : कार्यक्षेत्रमा अनुभवको लाभ मिल्नेछ। प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। |
| **कर्कट** : सजिलै लक्ष्य प्राप्त गर्न सकिला। भौतिक संसाधन जुटाउन सकिनेछ। | **मकर**: धर्मकर्ममा आस्था बढ्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। |
| **सिंह** : चासो लाग्ने कुरामा मन जानेछ। इष्टमित्रहरूबाट साथ सहयोग मिल्ला। | **कुम्भ** : सफलताको लागि संघर्ष गर्नुपर्ने हुन्छ। स्वास्थ्यमा ध्यान दिनुहोला। |
| **कन्या** : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। राजकीय मामिलाहरू सुल्झिनेछन्। | **मीन** : आयका नयाँ स्रोतहरू बन्नेछन्। धर्म कर्ममा आस्था बढ्नेछ। |

# कृषि

## अमेरिका बसेर फर्केका सुशील केरा खेतीमा रमाउँदै

मंगला गाउँपालिका-३ सातबिसेमा १० वर्ष अमेरिकामा पढेर फर्किएका एक जना युवाले व्यावसायिक केराखेती गरेका छन् । हाल बागलुङमा बसोबास र काठमाडौँमा व्यवसाय गर्दै आएका ३८ वर्षीय सुशील खड्काले जन्मथलोमा पुर्ख्यौली जग्गालाई सदुपयोग गर्न केराखेती सुरु गरेका हुन् । मंगला भेन्चर कम्पनीमार्फत केराखेती गरेर बाँझिन थालेको खेतीयोग्य जमिनलाई सदुपयोगका साथै कृषि उद्यमबाट गाउँघरमा नै आम्दानी र रोजगारीको अवसर भएको सन्देश दिने प्रयास गरेका छन् ।

'हाम्रा पुर्खाले दुई सय वर्षअघि धानखेती गर्न किनेको सातबिसेको उर्वरायुक्त जग्गा बसाईसराइ र वैदेशिक रोजगारीका कारण बाँझिन थालेपछि दुई वर्षअघि केरा रोप्दा धेरैले मलाई हाँसोको पात्र बनाए,' खड्काले भने, 'जग्गा बाँझो नहोस् भनेर सुरू गरेको केराखेती राम्रो हुन थालेपछि अरूले पनि सिको गर्न थालेकामा खुसी लागेको छ ।' अमेरिकाको भेन्डेरबिल्ट विश्वविद्यालयबाट अर्थशास्त्र र व्यवसाय विषयमा स्नाकोत्तर तथा इन्जिनियरिङमा स्नातक गरेका सुशीलले काठमाडौँमा श्रीमती सिलसिलासँगै नकुहिने फोहर प्रशोधन गरेर पुन:प्रयोग गर्ने कम्पनी सञ्चालन गरेका छन् । खड्काको सातबिसेमा एक सय रोपनी पुर्ख्यौली जग्गा छ । सुशीलका जिजुबाजे दुई सय वर्षअघि बागलुङबाट आएर सातबिसेमा जग्गा खरिद गरेका थिए । सातवटा २० रुपैयाँमा किनेको जग्गा भएकाले यो ठाउँको नाम सातबिसे नामकरण भएको किंवदन्ती छ । खेतमा पाक्दा र भान्छामा पकाउँदा मगमग बास्ना आउने गौरिया धानखेती हुने र सिँचाइ सुविधा भएकाले खड्काका पुर्खाले सातबिसेमा जग्गा किनेका थिए । पछिल्लो समय वैदेशिक रोजगारीका कारण कृषि मजदुर नपाउने र लागत बढ्न थालेपछि सातबिसेको खेतीयोग्य जमिन पनि बाँझिएर फाडीमा परिणत हुन थालेको छ । सन् २००५ मा अध्ययनका लागि अमेरिका गएका सुशील सन् २०१५ मा नेपाल फर्किएका थिए । कोरोना महामारी फैलिएपछि भएको बन्दाबन्दीका समयमा उनलाई पुर्ख्यौली जग्गामा कृषि उद्यम सञ्चालन गर्ने सोच पलाएको थियो । तीन रोपनीमा एक सय ५० बोट हजारी जातको केराबाट उद्यम सुरू गरेका खड्काले हालै एक रोपनीमा नयाँ केराका बिरूवा रोपेर विस्तार गरेका छन् । केराखेतीको परीक्षण सफल भएपछि विस्तार गर्न थालेका हुन् । केरा बगैँचा रेखदेखको काममा सुशीललाई आमा मनकुमारीले सघाएकी छन् । केरा बेचेर पछिल्लो एक वर्षयता एक लाख आम्दानी गरेका खड्का केराखेतीसँगै ड्रागन फ्रुटको खेती गर्ने तयारीमा छन् । आधुनिक उपकरणको प्रयोग गरेर कम लागतमा रैथाने गौरिया जातको धानखेतीलाई निरन्तरता दिने र विदेशबाट फर्किएका तथा गाउँमै भएका बेरोजगार युवाको समूह बनाएर कृषि उद्यम सञ्चालन गर्ने उनको योजना छ । 'देशमै केही गर्न सकिन्छ भन्ने सन्देश दिनु र परम्परागत बालीको संरक्षणसँगै प्रवर्द्धन गर्ने मेरो उद्देश्य हो,' खड्काले भने, 'जलवायु र मौसममा आएको परिवर्तनको सामना गर्न सक्ने क्षमता भएका परम्परागत बालीलाई जोगाउनु हाम्रो दायित्व र जिम्मेवारी हो ।' -रासस




### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा



कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### प्रारम्भिक वातावरणीय परीक्षण बारे सार्वजनिक सूचना

प्रकाशन मिति २०८१/१२/०३

गुल्मी जिल्लाको कालिगण्डकी गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिगण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पूर्तिघाट, गुल्मी । |
| प्रस्तावको व्यहोरा | कालिगण्डकी गाउँपालिका क्षेत्र अन्तर्गत कालिगण्डकी नदीका विभिन्न घाटहरुबाट नदिजन्य पदार्थ ढुङ्गा, गीट्टी, बालुवाको संकलन तथा उत्खनन् कार्यका लागि । |
| प्रभाव पर्न सक्ने क्षेत्र | कालिगण्डकी गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ६ । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्रका वडा कार्यालय, विद्यालय, वन, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिगण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पूर्तिघाट, गुल्मी । फोन नं : ९८५७०६७९२५ इ मेल : gulmikaligandaki@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | केप्ट इन्जिनियर्स प्रा.लि. विजुवार, प्यूठान, नेपाल । फोन नं ९८६३०३५४५१ ईमेल info.crestengineers@gmail.com |

प्रमुख प्रशासकीय अधिकृत


## बिस्कुट उद्योगको छानामा गुन्द्रुकको 'बिस्कुन'



भक्तपुर निकोशेरास्थित इम्पेरियल फुड्स प्रालिको छानामा अहिले गुन्द्रुकको बिस्कुन सुकाइएको छ । केही समयअघिसम्म त्यस उद्योग वरपरका बस्तीमा घ्यूसहित बनाउँदै गरेको कुकिजको बास्ना चल्ने गरेकामा अहिले गुन्द्रुक मगमगाउन थालेको छ । त्यस उद्योगले खाजाका रुपमा कोदोसहितका विभिन्न परिकारका 'अर्गानिक' बिस्कुट पनि उत्पादन गर्दै आएको छ । पछिल्लो समय उद्योगको छानाभरि रायोका साग र मुलाको सिन्की सुकाइएको पाइन्छ । साग र गुन्द्रुक ओल्टाइपल्टाइ गर्न चार पाँच जना महिला निरन्तर लागि परेको देखिन्छ । उद्योगका सञ्चालक पशुपति भुसाल भन्छन्, "विदेशमा रहेका साथीभाइले हाम्रा पुराना चिजवस्तु 'च्याख्ला, कोदो, मकै, गुन्द्रुक, तिलको छोप, टिमुर, अकबरे खुर्सानी, मास दालसहितका गैँडागुडी पठाइदेऊ' भन्ने माग भएपछि छानालाई गुद्रुकमय बनाएको हुँ ।" पुरानो पेसाबाट बाहिरिएको नभई समयअनुरुप पेसा-व्यवसायलाई विविधीकरण गर्ने क्रममा नेपाली गुन्द्रुकको बजारीकरणमा लागेको उनको भनाइ छ । अहिले रुचाइएको खानपिनले मानिस पुन: पुरानै युगमा प्रवेश गरेको हो की भन्ने भान भएको छ । विगतमा बाआमा र हजुरबाले खाएको कोदो, गुन्द्रुक, जौ र फापरको पीठोको माग अहिले विदेशमा पनि ह्वात्तै बढेको छ । नेपालीको बसोबास बाहुल्य भएका मुलुकमा गुन्द्रुकको माग अधिक छ । गुन्द्रुकको झोल र अचारलाई नेपाली भान्सामा लोकप्रिय परिकारका रुपमा लिने गरिन्छ । पछिल्लो समय चौरासी बेञ्जन थालीमा पनि गुन्द्रुक अनिवार्य मानिएको छ । छिटो फटाफट तरकारी बनाउन पर्‍यो भने गुन्द्रुक नै खोजिन्छ ।

गन्द्रुकका बारेमा विद्यावारिधी गरेका टीकाबहादुर कार्की मुख्यत: गुन्द्रुक नेपालकै स्थानीय उत्पादन भएको बताए । यद्यपि, जापान र चीनमा विभिन्न साग तथा युरोपलगायतका मुलुकमा बन्दागोभीमा नुन राखेर नेपाली गुन्द्रुकसँग मिल्दोजुल्दो खाद्यवस्तु उत्पादन हुँदै आएको छ । जिब्रोलाई ट्वाक्क छुने अमिलो र स्वादिलो 'तिउन' गुन्द्रुक नै हो । नेपाली भान्सामा जाडो होस् वा गर्मी सदाबहार उमालिने तिउन गुन्द्रुक नै हो । नेपालका गाउँबस्तीदेखि सहरका सुपरमार्केटसम्मका पसलमा प्याकिङमा गुन्द्रुक बिक्री हुने गरेको छ । जाडो वा गर्मी, ढिँडो होस् वा भात गुन्द्रुकको झोलसँग 'सप्प्याप्प' मुछेर खाँदाको फूर्ती र आनन्द बेग्लै हुन्छ । स्वादको त बयान नै गर्न सकिन्न । "नेपाली गुन्द्रुकमा पाइने अमिलोपन स्वादका हिसाबले अनुपम छ, त्यसकारण पनि गुन्द्रुकको लोकप्रियता बढ्दो छ", खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका पूर्वमहानिर्देशक कार्की भन्छन् । यस वर्ष काठमाडौँ उपत्यकामा रायो साग निकै सस्तो भयो । त्यसो त भक्तपुर आफैँमा मुलुकभर रायो र काउलीलगायत हरिया सागपात प्रशस्त उत्पादन हुने जिल्लाका रुपमा कहलिएको छ । प्रतिकिलो रु १५ सम्म रायको राम्रो पनि पाइयो । उद्योगका संस्थापक भुसाल भन्छन्, "महँगोमा उद्योगले केजीको रु ८० सम्ममा खरिद गरेको थियो । खासगरी रायो, तोरी, सर्स्यू, काउली, मुला आदिको गुन्द्रुक बनाइन्छ । सागको भाउ नेपाली बजारमा खासै चर्को छैन, सस्तै पाइन्छ । त्यस उद्योगले एक पटकमा एक हजार किलोसम्म साग खरिद गर्दै आएको छ । किसानलाई पनि एकै ठाउँमा आफ्नो उत्पादन दिँदा नै सहज भयो । स्थानीयस्तरबाटै पर्याप्त उपलब्ध भइरहेको छ ।" गुन्द्रुक बनाउन कम्तीमा पनि १५ देखि २० दिनको प्रक्रिया पूरा गर्नुपर्छ । साग किन्ने, केलाउने, धोइपखाली गर्ने, सीधा घाममा सुकाउने, थिच्ने र फेरि सुकाउने, तौल गर्ने, प्याकिङ गर्ने र माग आएबमोजिम बजारसम्म पुर्‍याउने काम उद्योगले गर्दै आएको छ । देख्दा सामान्य लागे पनि सबै चरण पूरा गर्ने विषय जटिल नै छ । बाहिर पठाउँदा अझ सचेत हुनुपर्छ । उद्योग सञ्चालक भुसाल सरसफाइमा विशेष ध्यान पुर्‍याइएको बताए । "यहाँ उत्पादन गरिएको गुन्द्रुकमा शुद्धता र गुणस्तर कायम छ", उनले भने । नेपालका सबै जिल्ला र गाउँबस्तीमा गुन्द्रुक बनाइन्छ, पकाइन्छ र मीठो मानेर खाइन्छ । गुन्द्रुक सहजरुपमा विदेश निर्यात गर्न सञ्चालक भुसालले सरकारका संयन्त्रसँग कुराकानी गरेका छन् । गुन्द्रुक तयार गर्ने प्रक्रिया केही लामो भएको र त्यसमा खटाउन पर्ने जनशक्तिका कारण लागत मूल्य बढी नै हुने गरेको छ । त्यस उद्योगले दालजन्य गैँडागुडीका अतिरिक्त रायोको गुन्द्रुक र मुलाको सिन्की तयार गर्दै आएको छ । प्रारम्भमा एक सय किलो रायोको सागबाट सुरु गरेकामा दैनिक एक हजार पाँच सय किलोसम्म साग खरिद गर्न सफल भएको छ । एक सय किलो रायो सागबाट करिब १० किलो गुन्द्रुक तयार हुने सञ्चालक भुसालको भनाइ छ । तोरीको गुन्द्रुकको विदेशमा ठूलो माग छ । तर काठमाडौँ उपत्यकाले त्यो माग धान्न सक्ने अवस्था छैन । सरकारले त्यसका लागि तराई-मधेसका कुनै क्षेत्र विशेषलाई 'पकेट' क्षेत्र घोषणा गर्न आवश्यक देखिएको उनको भनाइ छ । उद्योगले आफ्ना उत्पादनको विविधीकरण गर्ने उद्देश्यले सुरु गरेको गुन्द्रुकका लागि अहिले सूर्यविनायक, सानोठिमी र बोडे इलाकाबाट साग सङ्कलन भइरहेको छ । गुन्द्रुकका लागि छिप्पिएको र ठूला पात भएको साग राम्रो मानिन्छ । रायोका साग पनि विभिन्न प्रकारको पाइन्छ । मीठो गुन्द्रुक बनाउने र गुणस्तर कायम गर्ने सवालमा पाका पुराना पुस्ता स्वयम् विषय विज्ञकारुपमा रहनुभएको छ- उद्योगी भुसाल भन्छन् । उद्योगले उनै पुराना पुस्ताका कामदारलाई प्रशिक्षक बनाएर गुन्द्रुक र सिन्की तयार गरिरहेको छ । थकाली भान्सामा गुन्द्रुक अनिवार्य नै मानिन्छ । आलु-गुन्द्रुक, गुन्द्रुक-भट्टमास, तितौरा, गुन्द्रुक बोडी, आँपको चानासँग पनि गुन्द्रुक मिसाएर पकाइन्छ । गुन्द्रुकमा पनि हरियो सागमा पाउने गुण छ । विश्वका क्यौँ मुलुकले खाद्य परीक्षण गरी गुन्द्रुकलाई खानयोग्य भनेर प्रमाणित गरिसकेको छ । विदेशी साथीभाइले गुन्द्रुकलगायतका यहाँका रुचाएका छन् । गुणस्तरका लागि धन्यवाद नै पाइएको छ उद्यागी भुसाल भन्छन् । कलिलो र छिप्पिएको साग र निर्धारण गरिएको प्रक्रिया पूरा गरेका आधारमा गुणस्तर हुने गर्छ । भाटभटेनी, मार्ट र अन्य स्टोरमा नमूनाका लागि पठाइसकिएको उनको भनाइ छ । गुन्द्रुक प्रतिकिलो सात सयदेखि एक हजार पर्छ । "यसमा काम गर्ने सपनादेखि रहेको छु । त्यो पूरा हुनेमा उत्साहित नै छु । गुन्द्रुकसँग सबै चिजवस्तुमा उत्पादनको लोगो लगाएर गाडीभरि बजारमा पठाउने कोसिसमा छु । त्यसका लागि रातदिन खटिरहेको छु", व्यवसायी शान्ता अधिकारी बताए । कोरोना अघि ऋण लिएर लगानी गरियो, त्योअनुरुपको प्रतिफल त भएन । व्यापार सबै क्षेत्रमा घटेको छ । ब्याज घटेको छैन । त्यसमै रहँदा ऋणबाट उम्कन नसक्ने अवस्था भएपछि गुन्द्रुक र आँटोपीठोतिर लागेको उनको अनुभव छ । व्यापार गर्ने सन्दर्भमा स्वदेशै प्राथमिकता दिए पनि मालसामान बजारमा पठाएपछि पैसा उठिहाल्छ भन्ने सुनिश्चित छैन । बाहिर पठाउँदा पैसा 'एड्भान्स'मा आउने भएपछि त्यसलाई मध्यनजर गरी अघि बढिरहेको अधिकारीको भनाइ छ । उद्योगले प्रतिदिन करिब एक सय ५० किलोसम्म गुन्द्रुक निकालिरहेको छ । जाडोयाममा प्रशस्तै साग प्राप्त भए पनि अरु मौसममा त्यसको व्यवस्थापन कसरी मिलाउने भन्ने प्रश्न छ । कसैलाई हेपेर गाली गर्नुपर्‍यो भने 'यो गुन्द्रुकले केही गर्न सकेन' भन्दा यसको महत्त्व नबुझेको हो कि भन्ने भान पर्न सक्छ । हुन त नेपाली समाजमा 'जात फाल्नु गुन्द्रुकको झोलमा' भन्ने अर्गानिक उखान नै छ ।पत्रकार घनश्याम खड्काले गुन्द्रुकसम्बन्धी लेखमा 'आजको सितन केही भएन भनेर गाउँमा गुन्द्रुक मागदा कसैले लज्जाबोध गर्नुपर्दैन । कसैले खिसी पनि गर्दैनन्' भनी उल्लेख गरेको छ । अहिले गाउँको त्यो गुन्द्रुक सहरका तारे होटल पसेको छ । त्यति मात्र नभई 'बोइड' चढेर कार्टुनका-कार्टुन विदेशिसकेको छ । मौसममा मनग्य पाइने सागलाई गुन्द्रुकका रुपमा प्रयोग भएमा ग्रामीण अर्थतन्त्रलाई चलायमान तुल्याउन र उकास्न ठूलो टेवा दिएको छ । व्यवसायी शान्ता अधिकारी छिट्टै दुई सय किलो गुन्द्रुक जापान निर्यात गर्ने तयारी गरिरहेको बताए । त्यस उद्योगले एक सय र दुई सय ग्रामका बेग्लाबेग्लै प्याकेट बनाएको छ । ठूलो परिमाणमा माग भएमा तत्काल पुर्‍याउन सक्ने अवस्था नरहेको उनको भनाइ छ । सरकारले गुन्द्रुक उत्पादनलाई पकेट क्षेत्र तोकेर सहुलियत दरमा ऋण सहयोग उपलब्ध गराएमा फलदायी हुनेछ व्यवसायी बताउँछन् । काम पाइएन भनेर विदेश पलायन भइरहेका युवा पुस्तालाई भुसालले गुन्द्रुक उत्पादन र बजारीकरणका लागि गरिरहेका प्रयास प्रेरणाको स्रोत बन्न सक्छ । सो उद्योगमा लक्ष्मी तामाङले विशेषज्ञका रुपमा काम गरिरहेका छन् । गरिबका घरमा बाध्यताको तिउन अहिले उच्च घरानाका लागि भान्छाको महत्त्वपूर्ण परिकार बनेको छ । -रासस

# अनुदानमा रामपुरका किसानलाई मकैको बीउ



**रामपुर (पाल्पा),** चैत २/रामपुर नगरपालिकाले किसानलाई अनुदानमा मकैको बीउ उपलब्ध गराएको छ । नगरपालिकाभित्र रहेका १० वडाका किसानलाई अनुदान कार्यक्रममा समाहित गर्दै साढे सात टन बीउ वितरण गरिएको कृषि शाखाले जनाएको छ ।

रामपुर क्पोजित एक हजार एक सय ११ किलो, अरुण-२ जातको तीन हजार नौ सय २४ किलो र मनकामना-३ जातको दुई हजार चार सय ८८ किलो मकैको बीउ वितरण गरिएको कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले जानकारी दिए । किसानलाई ५० प्रतिशत अनुदानमा तीवटै जातको प्रतिकिलो ७६ मा नगरपालिकामार्फत उपलब्ध गराइएको उनी बताउन्छन् । नगरपालिकाका किसान, कृषि समूह तथा कृषि सहकारी गरेर चार सय ३४ जनाको माग आवेदन परेको हुँदा सोही आधारमा वितरण हुने उनले बताए । उनका अनुसार नगरपालिकाले मकैको बीउका लागि गत माघ २९ देखि फागुन ११ गतेसम्म माग सूचना जारी गरेको थियो । सो सूचनाका आधारमा किसानले माग गरेबमोजिम बीउ ल्याएर उपलब्ध गराइएको छ । गत फागुन २८ देखि कार्यालय समयमा धमाधम वितरण कार्य भइरहेको छ । यही फागुन ५ गतेसम्म सबै किसानसमक्ष बीउ वितरण गरेर सक्ने गरी शाखाले वितरण गरिरहेको जनाएको छ । रामपुर क्पोजिट एक सय १५ दिन, अरुण-२ जातको ९० दिन र मनकामना-३ जातको एक सय २० देखि एक सय २५ दिनभित्र पाक्ने कृषि प्राविधिक बताउँछन् । नगरपालिकाले कृषि उत्पादनलाई जोड दिँदै विभिन्न बालीका बीउबिजन सहुलियतमा वितरण गर्दै आइरहेको नगरप्रमुख रमणबहादुर थापा बताउन्छन् । 'कृषिमा आत्मनिर्भर बन्न प्रेरित गर्दै नगरपालिकाले विभिन्न जातका बीउबिजन खरिद गरेर किसानलाई उपलब्ध गराउँदै आएका छौं, किसानले माग गरेअनुसार बीउबिजन पाएका छन्', नगरप्रमुख थापाले भने, 'बाहिर बजारमा महँगो मूल्यमा खरिद गर्नुभन्दा सहुलियतमा किसानलाई राहत होस् भनेर यस्ता कार्यक्रमलाई निरन्तर रूपमा अगाडि बढाइरहेका छौं ।' धान, गहुँ, मकै, तरकारीलगायत विभिन्न जातका बीउबिजन, विरुवा ५० प्रतिशत अनुदानमा पाएपछि किसानलाई एग्रोभेटमा महँगो मूल्यमा खरिद गर्नु परेन । उन्नत जातका बीउबिजन समयमा नै नगरपालिका कार्यालयमार्फत सहुलियतमा पाउँदा बालीनाली लगाउने समय बीउ खरिद गर्न किसानलाई अन्यत्र भौतारिनुपर्ने अवस्था हटेको छ ।

*-रासस*

# वडास्तरीय ब्याडमिन्टनको उपाधि घिमिरे र भण्डारीलाई




**पाल्पा,** चैत २/जिल्लाको तानसेन नगरपालिका-२ अमर नारायण फूलबारीमा सञ्चालन भएको वडास्तरीय रनिङ शिल्ड ब्याडमिन्टन प्रतियोगिताको उपाधि वडा नं. ७ का सुमित कुमार घिमिरे र विशाल भण्डारीको जोडीले हात पारेको छ । सो जोडीले शनिबार सम्पन्न फाइनल खेलमा वडा नं २ का महेशमान बज्राचार्य र एबिन श्रेष्ठको जोडीलाई १७-२१ र १९-२१ को सेटले हराउँदै सो उपाधि जितेको हो ।

अमर नारायण फूलबारी कर्भड हलमा भएको प्रतियोगितामा महेशमान बज्राचार्य र एबिन श्रेष्ठको जोडी द्वितीय भएको छ । यस्तै वडा नं .३ का विनय खाती, खेम सारु र वडा नं. १ का कृष्ण अग्रहरी, दलबहादुर सारुको जोडीले तृतीय स्थान हासिल गरेको छ । प्रतियोगिताका उपाधि विजेतालाई नगद २० हजार, रनिङ शिल्ड, प्रमाणपत्र र मेडलसहित पुरस्कृत गरिएको छ । यस्तै दोस्रो हुनेलाई नगद १० हजार प्रमाणपत्र र मेडल, तेस्रो हुने टिमलाई ५/५ हजार, प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो । प्रतियोगितामा नगर भित्रका १६ टोलीले सहभागिता जनाएको क्लवका अध्यक्ष प्रविनराज शाक्यले जानकारी दिए । प्रतियोगिताका उपाधि विजेता,उपविजेता खेलाडीहरुलाई नेपाली कांग्रेस पाल्पाका सभापति तथा क्लवका संस्थापक अध्यक्ष हिमालदत्त श्रेष्ठले नगद, प्रमाणपत्र, ट्रफी र मेडलसहित पुरस्कृत गरेका थिए । खेलाडीलाई पुरस्कृत गर्दै प्रमुख अतिथि श्रेष्ठले क्लवले खेल क्षेत्रको विकासमा देखाएको सक्रियता प्रशंसनिय रहेको बताए । उनले यस्ता प्रतियोगिताहरुले राष्ट्रिय ,अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । नारायण युवा क्लवको आयोजना, वडा कार्यालयको सहयोग, जिल्ला ब्याडमिन्टन संघ पाल्पाको समन्वय र अमर नारायण फूलबारी कर्भड हल व्यवस्थापन समितिको व्यवस्थापनमा प्रतियोगिता भएको हो ।

## खेलकुद समाचार

# आर्मी र पुलिसको लगातार चौथो जीत



**काठमाडौं,** चैत २/प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा शनिबार भएको खेलमा त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब विजयी भएका छन् । रुपन्देहीको सिद्धार्थ रङ्गशालामा भएको खेलमा आर्मीले कोशी प्रदेशलाई ७ विकेटले हरायो । कोशीले दिएको २ सय ३१ रनको लक्ष्य आर्मीले १७ बलअघि नै ३ विकेट गुमाएर भेटायो । आर्मीका तुतराज दासले शतक बनाए । प्रतियोगितामा यो दोस्रो शतक हो । यसअघि सुदूरपश्चिमका किरण ठगुन्नाले शतक बनाएका थिए । तुतराज १ सय ३९ बलमा १ सय १२ रन बनाएर आउट भए । यस्तै बसिर अहमदले ६१ रन बनाए । कोशीका प्रकाश कार्की, सन्दीप ढुङ्गाना र भूपाल लुईंटेलले १/१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको कोशी ४९ ओभर ३ बलमा २ सय ३० रनमा अलआउट भयो । कोशीका सुभन गहतराजले ५१ रन बनाए । आर्मीका सोमपाल कामीले ४ विकेट लिए । प्रतियोगितामा आर्मीको यो लगातार चौथो जीत हो भने कोशीको लगातार चौथो हार हो । यस्तै दाङको देउखुरी रङ्गशालामा भएको खेलमा पुलिसले मधेश प्रदेशलाई १ सय ९३ रनले हरायो । पुलिसले दिएको २ सय ८९ रनको लक्ष्य पछ्याएको मधेश २६ ओभर १ बलमा ९५ रनमै अलआउट भयो । मधेशका दिपेश दासले सबैभन्दा धेरै ३१ रन बनाए । पुलिसका ललित राजवंशीले ५ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको पुलिस ४९ ओभर ५ बलमा २ सय ८८ रनमा अलआउट भयो । पुलिसका कप्तान दीपेन्द्रसिंह ऐरीले ६३, आरिफ शेखले ५५ रन बनाए । मधेशका रुपेश सिंहले ४ विकेट लिए । प्रतियोगितामा पुलिसको यो लगातार चौथो जीत हो भने मधेशको तीन खेलमा दोस्रो हार हो ।

## अर्थ/कर्पोरेट समाचार

# मिसनमा डुम्रे दुग्ध सहकारीले खोल्यो दुध विक्री पसल




**पाल्पा,**चैत २/जिल्लाको तानसेन नगरपालिका - १ भूसलडाँडास्थित मिसन अस्पताल नजिकै दुग्ध विक्री पसल सञ्चालनमा आएको छ । डुम्रे दुग्ध कृषि सहकारी संस्था लिमिटेडले एक औपचारिक कार्यक्रमकाबिच आफ्नो सेवा सञ्चालनमा ल्याएको हो ।

विक्री पसलको तानसेन नगरपालिका -१ का वडाध्यक्ष सुनिल कुमार बस्यालले उद्घाटन गरेका हुन् । विक्री पसलको उद्घाटन गर्दै अध्यक्ष बस्यालले पसल सञ्चालनले उपभोक्ता र कृषक दुवैलाई सहज हुने विश्वास व्यक्त गरे । उनले कृषकले उत्पादन गरेका दुग्धजन्य वस्तु सिधै उपभोक्ता माझ पुऱ्याउन सहकारीले खेलेको भूमिका प्रशंसनिय रहेको बताए । जिल्ला सहकारी संघ पाल्पाका प्रतिनिधि राम जि प्रसाद घिमिरेले सहकारीले २०५१ सालदेखि जिल्लामा आफ्नो संस्था दर्ता गरि हालसम्म गुणस्तरिय दुग्धजन्य वस्तु विक्री वितरण गर्दै आएको बताए । उनले सहकारीबाट उपभोक्ताले स्वच्छ, ताजा वस्तु पाउनुको साथै स्थानीयलाई रोजगारी समेत दिँदै आएको उल्लेख गरे । सहकारीका व्यवस्थापक गोपाल जिसीले संस्थाले रिब्दीकोट, तिनाउ र तानसेन नगरपालिका क्षेत्रलाई आफ्नो कार्यक्षेत्र बनाएर सेवा दिदै आएको बताए । उनले हाल दैनिक २५ सय देखि २७ सय लिटरसम्म दुध विक्री वितरण हुँदै आईरहेको जानकारी दिए । पसलमा दुध, दही, घ्यू, पनिर, कुराउनी, छुर्पीलगायतका दुग्ध जन्य पदार्थ बिक्री वितरण गरिने व्यवस्थापक जिसीले बताए ।

कार्यक्रममा विगत १० वर्षदेखि डुम्रे दुग्ध सहकारी संस्थाको दुग्ध जन्य पदार्थको विक्री वितरण गर्दै आएका र हाल उक्त पसल डुम्रे सहकारी संस्थालाई नै हस्तान्तरण गरेका दुधडेरी व्यवसायी कुलबहादुर खत्रीलाई सहकारी सम्मान समेत गरेको थियो । संस्थाका अध्यक्ष दुर्गा बहादुर खाँड ठकुरीको अध्यक्षता, उपाध्यक्ष शंकर भण्डारीको स्वागत, व्यवस्थापक गोपाल जिसीको सञ्चालनमा कार्यक्रम भएको स्थानीय समाजसेवी जयराम सापकोटाले एनजेडीलाई जानकारी दिए ।

# तानसेनमा वडास्तरीय...

...नगर प्रमुख श्रेष्ठले भने 'हामीले पहिलो, दोस्रो, तेस्रो मेयर कप प्रतियोगिता गरिसक्यौं, विद्यालयस्तरी खेलकूदका कार्यक्रमहरु भइरहेका छन्, यसरी खेल क्षेत्र अहिले चलायमान भएको छ ।' वडा अध्यक्ष महेश्वर श्रेष्ठले महिलाहरुको जीविकोपार्जनसँगै शिक्षा, स्वास्थ्य, पर्यटन र खेल क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर वडाले काम गर्दै आएको बताए । उनले वडाको खेल क्षेत्रका लागि क्लवसँग सहकार्य गर्दै अगाडि बढेको उल्लेख गरे । ब्याडमिन्टन संघ पाल्पाका अध्यक्ष बसन्तलाल बज्राचार्यले खेल क्षेत्रको माध्यमबाट तानसेनलाई गुल्जार बनाउनुपर्ने बताए । उनले तानसेन खेलको सम्भावना बोकेको नगर भएकाले त्यसको विकास गरी पर्यटनसँग जोड्न सके सुस्ताउँदै गएको तानसेनलाई चलायमान बनाउन सकिने भन्दै त्यसतर्फ ध्यान दिन नगर सरकारलाई आग्रह गरे । क्लवका अध्यक्ष प्रविनराज शाक्यले २०५७ देखि क्लवले रनिङ शिल्ड प्रतियोगिता गर्दै आएको बताए । उनले सामाजिक क्षेत्रको विकाससँगै खेल क्षेत्रको विकासलाई पनि सँगसँगै अगाडि बढाएको जानकारी गराए । अध्यक्ष शाक्यले वडा र नगर सरकारको सहयोगका कारण अधिकांश कार्यक्रमहरु गर्न सहज भएको भन्दै नवनिर्मित कर्भड हललाई थप व्यवस्थित गर्ने काममा आवश्यक सहयोग गरिदिन समेत नगर सरकारलाई आग्रह गरे । क्लवका निवर्तमान अध्यक्ष तथा कार्यक्रम संयोजक किशोर दर्शन बज्राचार्यले खेल क्षेत्रको विकाससँगै दक्ष र अब्बल खेलाडी उत्पादन गरी राष्ट्रिय अन्तर्राष्ट्रियरुपमा चिनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । उनले खेल क्षेत्रको विकासका लागि नगरका सबै वडाहरुमा बजेट विनियोजन हुनुपर्नेमा जोड दिए । प्रतियोगितामा नगर भित्रका १६ वटा टिमको सहभागिता रहेको छ । क्लवका अध्यक्ष प्रविनराज शाक्यको अध्यक्षता , सचिव विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो । क्लवले सोही अवसरमा दोस्रो मेयर कप ब्याडमिन्टन प्रतियोगितामा विजेता प्रतियोगी र प्रशिक्षकहरुलाई सम्मान समेत गरेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५ तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई